कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८२ साल आषाढ १ गते आइतबार बैठकबाट भएका निर्णयहरु

| क.सं. | प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको बेहोरा |
|---|---|---|
| १. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | कर्णाली प्रदेश विनियोजन ऐन, २०८१ को दफा ६ को उपदफा (१) बमोजिम कर्णाली प्रदेश सरकारको वार्षिक कार्यक्रमको खर्च शिर्षक नं. २७२१२ को क्रियाकलाप संकेत नं. ७.२.८.२० मा विनियोजित रकम आर्थिक मामिला तथा योजना मन्त्रालयमार्फत सम्बन्धित स्थानीय तहमा अख्तियारी पठाउन स्वीकृति दिने । |
| २. | आर्थिक मामिला तथा योजना मन्त्रालय | कर्णाली प्रदेश आर्थिक विधेयक, २०८१ र कर्णाली प्रदेश विनियोजन विधेयक, २०८१ कर्णाली प्रदेश सभामा पेस गर्नको लागि स्वीकृति प्रदान गर्ने सम्बन्धमा। |

## कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८२ साल आषाढ १२ गते बिहीबार बैठकबाट भएका निर्णयहरु

| क्र.सं. | प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको बेहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा २३ बमोजिम कर्णाली प्रदेश सरकार, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय अन्तर्गत प्रदेश वन निर्देशनालयमा कार्यरत वरिष्ठ जलाधार व्यवस्थापन अधिकृत (अधिकृतस्तर दशौं तह) श्री शेर बहादुर श्रेष्ठ (कर्मचारी संकेत नं १३९८००) लाई अर्को आदेश वा व्यवस्था नभएसम्मका लागि बढीमा छ महिनाका लागि कायम मुकायम मुकरर गर्ने। |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका उपसचिव श्री कृष्णप्रसाद खरेललाई बढीमा ६ महिनासम्मका लागि कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशकको रूपमा कामकाज गर्न खटाउने। |
| ३. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | कर्णाली प्रदेश विनियोजन ऐन, २०८१ को दफा ६ को उपदफा (१) बमोजिम कर्णाली प्रदेश सरकारको वार्षिक कार्यक्रमको खर्च शिर्षक नं. २७२१२ को क्रियाकलाप संकेत नं. ७.२.८.२० मा विनियोजित रकम आर्थिक मामिला तथा योजना मन्त्रालयमार्फत सम्बन्धित स्थानीय तहमा अख्तियारी पठाउन स्वीकृति दिने |
| ४. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | आमसञ्चार तथा सूचना प्रविधि सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८२" प्रदेश सभामा पेस गर्न स्वीकृत गर्ने सम्बन्धमा छलफल गरी प्रदेश मन्त्रिपरिषदमा पेस गर्ने सम्बन्धी विषयको आन्तरिक मामिला तथा कानून मन्त्रालयको नं. २/२-२०८२/०२/१३ को प्रस्ताव प्रदेश मं.प.वै.सं ०४/०८२ मिति २०८२/०२/१३ गते प्रदेश मन्त्रिपरिषद्को बैठकमा पेस हुँदा "मन्त्रिपरिषद् प्रशासन तथा विधेयक समितिमा छलफल गरी मन्त्रिपरिषदमा पेस गर्ने" निर्णय भए अनुसार मिति २०८२/०३/१० गते बसेको समितिको बैठकमा विधेयक पेस भएकोमा "प्रस्तुत विधेयकको सम्बन्धमा छलफलमा उठेका विषयहरु समेत समावेश गरी यसैसाथ परिमार्जन सहितको विधेयक प्रदेश सभामा पेस गर्न स्वीकृति प्रदान गर्ने।" |

कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८२ साल आषाढ २४ गते मङ्गलबारको बैठकबाट भएका निर्णयहरु

| क्र.सं. | प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको बेहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | (१) सङ्गठन संरचना अध्ययन उच्चस्तरीय समितिको प्रतिवेदन, २०८२ को अध्ययन गरी कार्यान्वयन गर्न देहाय बमोजिमको समिति गठन गर्ने:<br>(क) सचिव, शासकीय सुधार महाशाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -संयोजक<br>(ख) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य<br>(ग) सचिव, कानून महाशाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य<br>(घ) उपसचिव, योजना, अनुगमन तथा आर्थिक पूर्वाधार शाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य<br>(२) समितिको कार्यदिश देहाय बमोजिम हुनेछ।<br>(क) सङ्गठन संरचना अध्ययन उच्चस्तरीय समितिको प्रतिवेदनको अध्ययन गरी पहिलो विकल्पमा प्रस्तुत गरिएका सुझाव कार्यान्वयनको खाका तयार गर्ने।<br>(ख) निकायहरूको प्रस्तावित दरबन्दी तेरिज र नमुना सङ्गठनात्मक ढाँचा बमोजिम कायम रहने निकायहरूको महाशाखा, शाखा, पद र दरबन्दी सङ्ख्या एकीन गरी कार्यविवरण, दरबन्दी तेरिज तथा सङ्गठनात्मक चार्ट तयार गरी प्रदेश निजामती सेवा ऐन, २०८१ को दफा ७ बमोजिम कार्यान्वयन गर्न गराउन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गर्ने।<br>(ग) फेरबदल हुने सङ्गठन संरचनाहरूको कर्मचारी व्यवस्थापन र प्रतिवेदन कार्यान्वयनका लागि आवश्यक सहजीकरण गर्ने।<br>(घ) समितिको बैठकमा आवश्यकता अनुसार विषयगत मन्त्रालयका सचिव तथा अन्य कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ। |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा १३३ बमोजिम प्रदेश सरकारका रिक्त पदमा पदपूर्ति नभएसम्मका लागि आवश्यक कर्मचारी कामकाजमा पठाईदिने अनुरोधका लागि प्रदेश सरकारका तर्फबाट गरिने अनुरोधको अधिकार सोही ऐनको दफा १३७ बमोजिम प्रमुख सचिवलाई प्रत्यायोजन गर्ने। |

कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८२ साल आषाढ २५ गते बुधबार बैठकबाट भएका निर्णयहरु

| क्र.सं. | प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको बेहोरा |
|---|---|---|
| १. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | (क) कर्णाली प्रदेश विनियोजन ऐन, २०८१ को दफा ६ को उपदफा (१) बमोजिम कर्णाली प्रदेश सरकारको वार्षिक कार्यक्रमको खर्च शिर्षक नं. २७२१२ को क्रियाकलाप संकेत नं.७.२.८.१३ मा भएको रकम रु. २४ लाख ४८ हजार आर्थिक मामिला तथा योजना मन्त्रालयमार्फत सम्बन्धित स्थानीय तहमा अख्तियारी पठाउन स्वीकृति दिने।<br>(ख) कर्णाली प्रदेश विनियोजन ऐन, २०८१ को दफा ६ को उपदफा (१) बमोजिम कर्णाली प्रदेश सरकारको वार्षिक कार्यक्रमको खर्च शिर्षक नं. २७२१२ को क्रियाकलाप संकेत नं.७.२.८.२० मा भएको रकम रु. २२ लाख ८० हजार आर्थिक मामिला तथा योजना मन्त्रालयमार्फत सम्बन्धित स्थानीय तहमा अख्तियारी पठाउन स्वीकृति दिने। |